# रम्भा गाउँपालिका
# Rambha Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive
पिपलडाँडापाल्पा (Pipaldanda, Palpa)
लुम्बिनी प्रदेशनेपाल (Lumbini Province, N


पत्र संख्या (Ref No.): २०८२।८३·
च.नं.(Dispatch No.):

## सेवा करारमा कर्मचारी भर्ना सम्बन्धी सूचना ! ! !

**(प्रथम पटक प्रकाशित मिति: २०८२/०५/०५)**

रम्भा गाउँपालिकामा रिक्त तपसिल बमोजिमको पदमा सेवा करारमा कर्मचारी पदपूर्ति गर्नुपर्ने भएकाले तपसिल बमोजिमको योग्यता पुगेका नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले पन्ध्र(१५) दिन (२०८२/०५/१९) भित्र तोकिए बमोजिमको विवरण र राजश्व तिरेको रसिद सहित दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

| विज्ञापन नं | सेवा/ समूह | तह/ पद | आवश्यक संख्या | न्यूनतम शैक्षिक योग्यता | परीक्षाको किसिम | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|---|
| ०१-२०८२/०८३ | नेपाल स्वास्थ्य/जनरल हेल्थ सर्भिसेज | अधिकृतस्तर आठौ/मेडिकल अधिकृत | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरि नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको | लिखित र अन्तर्वार्ता | १२०० |
| ०२-२०८२/०८३ | | अधिकृतस्तर छैटौ/रोजगार संयोजक | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक तह वा सो सरह उतीर्ण गरेको | प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा | १००० |
| ०३-२०८२/०८३ | नेपाल स्वास्थ्य/ हेल्थ इन्स्पेक्सन | अधिकृतस्तर सातौ/जनस्वास्थ्य अधिकृत | १ | जनस्वास्थ्य विषयमा कम्तिमा स्नातक तह उतिर्ण गरि सम्बन्धित काउन्सिलमा दर्ता नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी | लिखित र अन्तर्वार्ता | १००० |

१. उमेरः दरखास्त दिने अन्तिम मितिसम्म २१ वर्ष पूरा भई ३५ बर्ष ननाघेको र महिलाको हकमा २१ बर्ष पूरा भई ४० बर्ष ननाघेको

२. पारिश्रमिक तथा सेवा सुविधाः नियमानुसार ।

३. दरखास्त दिने स्थानः रम्भा गाउँपालिकाको कार्यालय ।

वीर बहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत



☎:९८५७०६८७७०, : rambhamun@gmail.com, : rambhamun.gov.np

४. दरखास्त दिने अन्तिम मितिः २०८२/०५/१९(दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा सो पश्चात कार्यालय खुल्ने दिन)

५. दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरुः निवेदक स्वयमले प्रमाणित गरेका देहाय बमोजिमका कागजातका प्रतिलिपिहरुः

- नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
- ३ प्रति पासपोर्ट साईजको फोटो
- समकक्षता आवश्यक पर्नेमा सोको प्रतिलिपि
- मेडिकल अधिकृतको हकमा, नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी
- जनस्वास्थ्य अधिकृतको हकमा सम्बन्धित काउन्सिलमा दर्ता/नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी
- रोजगार संयोजकको हकमा कम्प्युटर सीप सम्बन्धि कम्तिमा तीन महिने तालिम लिएको प्रमाणपत्रको प्रतिलिपी
- अनुभव भए अनुभवको प्रमाणपत्रको प्रतिलिपी

६. सम्पर्क मितिः दरखास्त दिने अन्तिम मितिको भोलिपल्ट ।

७. लिखित तथा अन्तर्वार्ता मितिः सम्पर्क मितिमा तोकिनेछ ।

८. पाठ्यक्रमः मेडिकल अधिकृत र जनस्वास्थ्य अधिकृत पदको लागि लोकसेवा आयोगले तयार गरेको पाठ्यक्रम तथा रोजगार संयोजकको लागि रोजगार संयोजकको पदपूर्ति र सेवासुविधा सम्बन्धी मापदण्ड, २०७६ मा तोके बमोजिम हुनेछ ।

**द्रष्टव्य**: अन्य जानकारीको लागि रम्भा गाउँपालिकाको प्रशासन शाखा/स्वास्थ्य शाखा वा सम्पर्क नं. ९८४७०६९९६२ मा सम्पर्क गर्न सकिनेछ ।

वीर बहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत


: ०७५/५२०१६/१११० : rambhamun@gmail.com, : rambhamun.gov.np

# रम्भा गाउँपालिका
# Rambha Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

पिपलडाँडा,पाल्पा (Pipaldanda, Palpa)

लुम्बिनी प्रदेशनेपाल (Lumbini Province, N

पत्र संख्या (Ref No.): ०८२।८३

च.नं.(Dispatch No.):


### सेवा करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना:

**(प्रथम पटक प्रकाशित मितिः २०८२/०५/०५)**

रम्भा गाउँपालिकाको कार्यालय अन्तर्गत सुरक्षित आप्रवासन (सामी) कार्यक्रमको लागि तपसिलमा उल्लिखित देहायका पदमा योग्यता भएका कर्मचारी सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक योग्यता पुगेका नेपाली नागरिकहरुले सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| विज्ञापन नं. | पद | संख्या |
|---|---|---|
| ४-२०८२/०८३ | मनोसामाजिक परामर्शकर्ता (पाँचौ तह) | १ |

- **न्यूनतम शैक्षिक योग्यता र अनुभव**: मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वद्यालयबाट पब्लिक हेल्थ/नर्सिङ्ग/मनोविज्ञान/समाजशास्त्र/सोसिएल वर्कमा स्नातक तह, स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उत्तीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सिलिङ्ग उत्तीर्ण गरेको ।मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरी राष्ट्रिय स्वस्थ्य तालिम केन्द्रबाट प्रमाण-पत्र भएको र सोही क्षेत्रमा काम गरेको अनुभवी र महिलालाई विशेष प्राथमिकता दिईनेछ। कम्प्यूटर सम्बन्धी आधारभुत ज्ञान भएको। प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको। नेपाली र अंग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्न सक्ने।
- **कार्य अवधि**: २०८३ असार मसान्तसम्म, कार्यक्रमको आवश्यकता तथा कार्यसम्पादन मूल्याङ्कनका आधारमा नविकरण हुन सक्नेछ।
- **परिक्षाको किसिम** : लिखित, अन्तवार्ता र प्रयोगात्मक
- **तलव तथा अन्य सुविधा**: कार्यक्रमको नियमानुसार।
- **आवश्यक कागजातहरु**: माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, कार्यानुभवको प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट साईजको फोटो तिन प्रति आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई आवेदन फाराम सहित निर्धारित समय भित्र गाउँपालिकाको कार्यालयमा पेस गर्नु पर्नेछ निर्धारित समय समय भन्दा ढिलो आउने आवेदनहरु कार्यालयले स्वीकार गर्ने छैन।
- **उमेर**: दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पूरा भई ३५ बर्ष ननाघेको र महिलाको हकमा १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको
- **छनौट प्रक्रिया**: प्रारम्भिक छनौटमा परेका उम्मेद्वारहरुलाई मात्र लिखित, अन्तर्रवार्ता र प्रयोगात्मक परिक्षामा समावेश गरिने छ।
- **आवेदन दस्तुर**: रु.६००/- (अक्षरेपी छ सय मात्र)
- **दरखास्त दिने अन्तिम मिति**: २०८२/०५/१९ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिने छ। आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिने छ।
- लिखित, अन्तर्वार्ता र प्रयोगात्मक परीक्षाको पाठ्यक्रम यसै सूचनासाथ प्रकाशन गरिएको छ।
- यस सूचनामा उल्लिखित सर्तहरु यसै बमोजिम र सूचनामा उल्लेख हुन छुट भएका विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ।

वीर बहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत

# मनोसामाजिक परामर्शकर्ता(पाँचौ तह)को पाठ्यक्रम

## खण्ड १

### लिखित परीक्षा

रम्भा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पिपलडाँडा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**वस्तुगत प्रश्न**

| क्र सं | विषयवस्तु | पुर्णाङ्क |
|---|---|---|
| १ | नेपालको संविधान,वैदेशिक रोजगार ऐन र समसामयिक विषय | ५० |
| जम्मा | | ५० |

**विषयगत प्रश्न**

| क्र सं | विषयवस्तु | पुर्णाङ्क |
|---|---|---|
| १ | वैदेशिक रोजगारका चुनौती,सवाल र समाधानका उपायहरु,<br>नेपालमा रोजगारको अवस्था,चुनौती र सम्भावनाहरु<br>आप्रवासनको र मनोसामाजिक समस्या | १० |
| २ | मनोसामाजिक परामर्शको अवधारणा,प्रकृया परामर्शको विधि तथा तरिकाहरु,<br>मनोपरामर्शकर्तामा हुनुपर्ने गुणहरु भूमिका र जिम्मेवारी | १० |
| ३ | सामुहिक मनोपरामर्श सेवाको अवधारणा प्रकृया तथा समुहमा मनोपरामर्श सेवा प्रदान गर्दा ध्यान दिनुपर्ने कुराहरु र समूह संचालन गर्ने व्यक्तिमा हुनुपर्ने सिपहरु | १० |
| ४ | मनोसामाजिक समस्याहरु तथा समस्या समाधानको उपायहरु<br>(तनाव वा दवाव सामना गर्ने तरिकाहरु,लाञ्छनाको अवधारणा र यसमा सहयोग गर्ने मनोपरामर्शको तरिकाहरु,मानसिक रोगप्रति धारणा तथा मानसिक रोगीलाई सहयोग गर्ने तरिकाहरु,मनोसामाजिक परामर्श सेवा दिदा विश्लेषण गर्ने पक्षहरु,आत्महत्या र रोकथाम गर्ने तरिकाहरु,आप्रवासी कामदारका श्रीमति र बालबालिकाहरुले भोग्नुपरेका मुख्य चुनौतीहरु ) | १० |
| ५ | सेवाग्राहीहरुको अभिलेख राख्ने तरिकाहरु<br>कार्य योजना निर्माण | १० |
| जम्मा | | ५० |

## खण्ड २

### प्रयोगात्मक परीक्षा

| क्र सं | विषयवस्तु | पुर्णाङ्क |
|---|---|---|
| | कम्प्यूटर सम्बन्धी आधारभूत ज्ञान भएको Word, Excel, Power Point मा दिईएको प्रश्नको उत्तर नेपाली वा अंग्रेजी भाषामा उल्लेख गर्नुपर्ने छ। | २० |

## खण्ड ३

### अन्तर्वार्ता

| क्र सं | विषयवस्तु | पूर्णाङ्क |
|---|---|---|
| १ | अन्तर्वार्ता | २० |

वीर बहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत